जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ८, २०८२ भदौ २६ गते विहीबार, 11Sep 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

विशेष सम्पादकीय

जेनजी आन्दोलन : युवाको बदलिँदो चेतना, सामाजिक रुपान्तरण

विश्वमा डिजिटल माध्यमबाट हुने गरेको आन्दोलनहरूको धेरै उदाहरण छन । नेपालमा यस्तो आन्दोलनको उदाहरण लिनुपर्दा 'अकुपाइ बालुवाटार'लाई लिने गरिन्थ्यो । अब सशक्त सामाजिक रूपान्तरणको शंखघोष गर्दै नयाँ पुस्ताले नेतृत्व गरेको जेनजी आन्दोलनले अहिले नेपाल भौतिक रूपमा र राजनीतिक रूपमा क्षतविक्षत भएको छ । नेपालसहित विश्वभर सामाजिक परिवर्तनको एक नवयुगको संकेतस्वरुप 'जेनजी आन्दोलन' उदाउँदै गएको छ। कुनै औपचारिक पार्टी वा संस्थाको सञ्चालनमा नभइ नयाँ पुस्ताको विचार, आवाज र कार्यशैलीमा देखिएको तीव्र रुपान्तरण हो जेनजी आन्दोलन । जेनजी भनिने पुस्ता सन् १९९७ देखि २०१२ का बीच जन्मिएका युवाहरु हुन्। यी युवा डिजिटल युगमा जन्मिएका, इन्टरनेट, स्मार्टफोन र सामाजिक सञ्जालसँगै हुर्किएका छन्। उनीहरुको दृष्टिकोण फराकिलो, विविधता अवलम्बी र सामाजिक रुपमा सजग छ। 'जेनजी आन्दोलन' भन्नाले उनीहरुको तीव्र चेतना, विद्रोही सोच, संस्थागत अन्यायको विरोध र सामाजिक उत्तरदायित्वप्रति देखिएको सक्रियतालाई बुझिन्छ।

जेनजी आन्दोलनको सबैभन्दा शक्तिशाली हतियार भनेकै सामाजिक सञ्जाल हो। नेपालमा पनि टिकटक,इष्ट्राग्राम, एक्स, युट्युब जस्ता माध्यममार्फत उनीहरुले आवाज उठाए । यही प्लेटफर्मबाट सुरू भएको आन्दोलनले मंगलबार र बुधबार (भदौ २३ र २४ गते) भएको आन्दोलनले देशको नेतृत्वकर्ताहरूको भागाभाग भएको छ । भौतिक संरचनाहरू तोडफोड र आगजनी गरि सबै सकिएका छन् । नेपालमा खासगरी भ्रष्टाचार विरूद्ध सुरू गरिएको आन्दोलन पूर्ण रूपमा जेनजी पुस्ताको नियन्त्रण बाहिर जाँदा भौतिक क्षेति बढी भएको छ, भने राजनीतिक प्रतिशोध पनि स्पष्ट देखिएको छ । जेनजीहरूले चाहेको भन्दा फरक बाटोमा आन्दोलन अघि बढ्दा देश अब आर्थिक रूपमा वर्षौं पछाडी धकेलिएको छ ।

जेनजीको आन्दोलनलाई समर्थन गर्दैगर्दा यसको आवरणमा भएका अनैतिक गतिविधिहरूको छानविन पनि हुनु आवश्यक छ । लामो संघर्ष र बलिदानबाट प्राप्त उपलब्धिको जगेर्ना गर्ने, लोकतान्त्रिक गणन्त्रतात्मक संविधानको रक्षा गर्ने, समतामुलन न्यायको पाटोमा जेनजीहरूको अभियान हुनुपर्छ । जेनजी आन्दोलनकै क्रममा मारिएका जेनजीहरू प्रति भावपूर्ण श्रद्धाञ्जली, उनीहरूको सपना मर्न दिनु हुदैन । अब यो अभियानका नाममा दलको घुसपैठ हुनबाट चनाखो हुनुपर्छ । स्वार्थसिद्ध सवाललाई जेनजीको नाममा प्रवेश गराइनु हुदैन, राजनीतिक, सामाजिक, आर्थिक रूपमान्तरणको पक्षमा जेनजीको यात्रामा साथ छ, प्रिय जेनजी संयमता, धैर्यता तथा बौद्धिकता देखाउ, राष्ट्रियताको सवालमा बोल्ड नेतृत्व लिएर आउ ।

जेनजी आवरणमा अराजक समूहको आन्दोलन, हेर्दाहेर्दै



सबै ध्वस्त

◯ सरिता दाहाल

मकवानपुर । बागमती प्रदेश राजनीति हेटौंडा हेर्दा हेर्दै खरानी भएको छ । प्रदेश सरकारको प्रदेश सभा सचिवालय, प्रदेशका सबै मन्त्रालयहरु नष्ट भएका छन् ।

सरकारी कार्यालयहरु हेटौंडा उपमहानगरपालिका, लोकसेवा आयोग, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी लगायतको पार्टी कार्यालयहरु, प्रदेशको सन्चार र जिस्ट्रार कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय, हेटौंडा स्थित भाटभटेनी सुपरमार्केट, यातायात व्यवस्था कार्यलाय, सबै धोस्त भएका छन् ।

मंगलबार लगाइएको आगो बुधबार साँझ अबेरसम्म पनि दन्किरहेको देखिन्छ । स्थानीय प्रशासनले मंगलबार दिउँसो १ बजेबाट राती १२ बजेसम्मको लागि लगाइएको कफ्यू बुधबारबाट अर्को सूचना जारी नभएसम्मको लागि जारी राखेको छ ।

आन्दोलपछि आगजनीले हेटौंडा खण्डहर बनेको छ । विभिन्न कार्यालयमा भएका आगजनीसँगै कागजी इतिहास तथ्याङ्कहरू खरानी भएका छन् । जेनजी पुस्ताको माग अनुसार भ्रष्टाचार विरूद्धको छानविनको लागि समेत नापी, मालपोत, अस्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतको रेकर्ड खरानी भएका छन् । यसैगरी अदालतहरू जल्दा त्यहाँको लखौको मुद्दाहरू बारे कागजात नष्ट भएका छन् । अब बन्ने सरकार जसको नेतृत्वमा बने पनि ति भौतिक संरचनाहरू अपरिहार्य थिए । जसलाई अब पुन निर्माण गर्न वर्षौं लाग्नेछ, जनताको करमा बनेका संरचना नष्ट भएका छन् ।

यि सबै अराजकता फैलाउनमा जेनजीको सहभागीता नभइ अराजक समूहको आक्रमण भएको विश्लेषकहरूले बताएका छन्। यसरी भौतिक क्षति जेनजीको एजेण्डा नै थिएन। पार्टीमित्रको वितृष्णाले सरकारी भौतिक संरचना नष्ट गरिनु निन्दनिय भएको बताइएको छ ।न्यायलयमाथि आक्रमण भन्नै निन्दनीय छ। राजनीतिक दलको आत्रोस जेनजीको आवरणमा पोखिएको सर्वसाधारणहरूले समेत विश्लेषण गर्न थालेका छन्।"नेतृत्वदेखि रिस थियो त, छानिछानि कारवाही गर्नु पर्नेथ्यो, साधारण जनताको करबाट बनेको संरचना किन ध्वस्त पारियो ?" एक वृद्धाले भनिन् ।

कारागार र बालगृहबाट ५०० जना फरार

मकवानपुरको हेटौंडा ११ थानामर्यारुङमा रहेको बालसुधार केन्द्रबाट एकैचोटि ७२ जना बालकहरू भागेका छन् । बुधबार दिउँसो ३ बजे उनीहरू भागेको सशस्त्र प्रहरीले जनाएको छ । गृहमा ९४ जना बालकहरू रहेको थिए ।

अपराधिक गतिविधिमा संलग्न बालकहरु सुधारको लागि राखिएका थिए । बालसुधार गृह मकवानपुरका कार्यालय प्रमुख प्रदीप गौतमका अनुसार बालसुधार गृहको संरचना तोडेर उनीहरु फरार भएका हुन् । घटनापछि सुरक्षा निकायहरु, प्रहरी टोली तथा सरोकारवाला निकायहरु सक्रिय भएका छन् र फरार बालकहरुको खोजी कार्य तीव्र पारिएको बताइएको छ ।

यता मकवानपुरको मिमफेदी गाउँपालिका वडा ६ मा रहेको मिमफेदी कारागारका कैदी बन्दीहरू पनि भागेका छन् ।

कारागारको 'ख' ब्लकमा रहेको कैदी बन्दी पर्खाल फुटाई भागेका हुन् । कारागारमा रहेका कैदी बन्दीहरू मध्ये अन्दाजी ४ सय जना मुख्य गेटबाटै भाग्ने कोशिस गरेपछि कारागार सुरक्षा बेशमा खटिएको सुरक्षा निकायले ५ राउण्ड ग्यास सेल फायर गरेको थियो । मंगलबार राती २५९ जना कैदी बन्दी फरार रहेका थिए । बुधबार दिउँसो फेरी १६९ जना फरार भएको कारागार प्रशासनले जनाएको छ। अब यस कारागारमा ६३६ जना बाँकी रहेको बताइएको छ ।

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

जेनजीका चुनौती

लामो संघर्ष र बलिदानपछि स्थापित गणतन्त्रात्मक लोकतन्त्रको संस्थागत विकास हुने क्रममा रहेको नेपालले अनपेक्षित आन्दोलनको सामना गर्नु पऱ्यो । पुराना नेतृत्वलाई पन्छाएर जेनजी पुस्ताले नेतृत्व गर्ने सपना जन्मदै गर्दा केही चुनौतिहरूलाई केलाएर सामना गर्नुपर्ने देखिन्छ। कुशल नैतिक नेतृत्वको अभाव रहेको परिस्थितीमा अब बन्ने नेतृत्वले देशमा राजनीति जनसेवालाई मुल धर्म मान्नुपर्ने छ। पुराना नेताहरुमा वैचारिक पुँजी कमजोर भएको विश्लेषण हुँदै गर्दा अबको नेतृत्वमा त्यस्तो अभाव देखिनु हुदैन त्यसैले अबको चुनौती भनेको इमानदार, पारदर्शी र दूरदर्शी नेतृत्व उत्पादन गर्नु हो ।

संघीयताको सफल कार्यान्वयनको लागि पनि अबको नेतृत्वलाई चुनौती छ । संघीयता नेपालको ठूलो उपलब्धि हो, तर व्यवहारमा यसको कार्यान्वयन अलमलमा परेको छ। संघीय संरचनालाई बलियो र प्रभावकारी बनाउन अब ठोस कार्यनीति आवश्यक छ। स्थानीय जनप्रतिनिधिहरूमा लोभ र स्वार्थ अधिक रहेकोले समस्या छ । विकास र रोजगारीको सुनिश्चितता अर्को चुनौति हो । राजनीतिक अस्थिरता र भ्रष्टाचारका कारण विकास ठप्पजस्तै छ। लाखौं युवा विदेशिनु परिरहेको छ। सरकारहरुले बेरोजगारी न्यूनीकरण, उद्यमशिलता प्रवर्द्धन, पूर्वाधार विकासमा ठोस काम नगरेसम्म जनताको राजनीतिप्रतिको विश्वास घट्दै जान्छ। राजनीतिमा युवा पुस्ताको सहभागिता बढाउनु जरूरी छ । संवैधानिक निकायहरुको निष्पक्षता र विश्वसनीयताका शंकट छ, संवैधानिक निकायहरू राजनीतिक हस्तक्षेपबाट प्रभावित छन्। लोकतन्त्र बलियो बनाउन यिनको निष्पक्षता कायम हुनुपर्छ । राष्ट्रिय एकता र सामाजिक समावेशिता बलियो बनाउनु छ । विश्वका शक्तिशालि राष्ट्रहरुबीच एकतर्फी झुकाव वा असन्तुलित कूटनीति दीर्घकालीन रुपमा घातक हुनसक्छ, त्यसैले स्वाभिमानी, स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अर्को चुनौती हो ।

त्यो माघ १९,यो भदौ १९



केशव दाहाल

यही भदौ १९ गते सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको अघिल्लो साँझ संखुवासभाबाट एक जना वृद्धाले म्यासेन्जरमा फोन गरेर मलाई सोधिन्, 'बाबु अब के फेसबुक बन्द हुन्छ रे हो ? के अब म मेरा नातिनातिनाको अनुहार देख्न पनि पाउँदिनँ ? के सरकारले मेरो मोबाइल पनि खोस्छ र बाबु ?'

वृद्धाका प्रश्नहरु सरल थिए। तर त्यसमित्र जुन भाव थियो, त्यो सरल थिएन। त्यसैले प्रश्न सोध्दा उनका आँखा आँशुले भरिएका थिए।

मैले उनलाई आश्वस्त पार्दै भनँ, 'त्यस्तो हुँदैन आमा। हजुर आमा र नातिनातिनालाई कुराकानी गर्नबाट रोक्ने यो संसारमा कुनै सरकार छैन। तपाई निश्चिन्त हुनुहोस्, न त तपाईको मोबाइल कसैले खोस्छ, न त कुराकानी गर्ने कसैले रोक्छ।'

मेरो कुरा सुनेर वृद्धा मुस्कुराइन्। र, उनीसँगै म पनि मुस्कुराए।

निकैपछि गत साल म संखुवासभा जिल्लाको मेरो गाउँ चुंखुरुंग पुगेको थिएँ। त्यो यात्रामा म बाल्यकालका मेरा अनेक सम्झनाहरुलाई फेरि ताजा बनाउन चाहन्थँ। म मैले हुलेका रनवन फेरि घुम्न चाहन्थँ। खर्कमा पुगेर एँसेलु टिप्न चाहन्थँ। र, देउरालीमा उभिएर बतासँगै जीवनका गीतहरु गाउन चाहन्थँ। त्यहाँ मेरा प्रिय खोलाहरु थिए, हेवा र चिंखुवा। म हेवा र चिंखुवा खोलामा पसेर दुवाली फर्काउन चाहन्थँ। आफूले पौडी खेलेका दहमा मनमौजी हेलिन चाहन्थँ। म चाहन्थँ बर्खामा भेल आउँदा मैले तरेका फड्केहरु फेरि तर्न। र, स्कुलको चौरमा उभिएर प्रार्थना गर्न। त्यो यात्रामा मैले भेट्नुपर्ने अनेक नामहरु थिए। केही सम्बन्धी र प्रियजनहरु थिए। केही बालसखाहरु थिए। केही मलाई माया गर्ने वृद्धवृद्धा थिए। केही मैले सम्झिरहने मान्छे थिए।

जस्तो, जन्तरे काका थिए। नेउपाने मामा थिए। कोइराला दाइ थिए। कुप्री फुपू थिइन्। पाखाघरे माइलो थियो। पार्तेलनी साइँली थिइन्। त्यो यात्रामा उनीहरुलाई एक पटक भेटेर म आफ्नो बाल्यकालका सम्झनाहरु फेरि ताजा बनाउने चाहन्थँ।

मैले भेट्न चाहेका तिनै अनेक नाममध्ये एक थिइन्, नेउपाने आमा। उनी पछिल्लो समय मलाई खास खास बेलामा मिडिओ कल गरेर हालखबर सोधिरहन्थिन्।

जब मैले नेउपाने आमालाई भेटँ, उनी मख्ख परिन्।

त्यो भेटमा उनले मलाई बारीको सबभन्दा ताजा काँक्रो टिपेर दिइन् र भनिन्, 'अब त गाउँमा काँक्रा चोर्नेहरु पनि छैनन्। सबै विदेश लागे। हामी बुढापाका मात्र यहाँ।' दिल खोलेर मस्त हाँस्दै उनले आफ्ना पुराना दिन सम्झिइन्। गाउँका अनेक किस्साहरु सुनाइन्। सुनसान घरको पिँढीमा बसेर दिन बिताइरहेकी ती वृद्धासँग भन्न धेरै कुरा थिए। सुनाउन धेरै कथा थिए।

देखाउन भने उनीसँग एउटा खास कुरा थियो नयाँ मोबाइल।

दुई महिना अगाडि मात्र कतारमा बस्ने आफ्नो नातिले उपहार दिएको मोबाइल। उनका छोराबुहारी, खेतीकिसानीमा थिए। नातिनातिना थिए विदेशतिर।

मैले सोधँ, 'आमा अनि कसरी दिन बिताउनुहुन्छ?' उनले मख्ख पर्दै हातको मोबाइल देखाइन् र भनिन्, 'यो छ नि साथमा! बिहान र बेलुका नातिनातिनासँग कुरा गर्छु। समय त यसैउसै हाँस्दै, रुँदै बितिहाल्छ नि नानी !'

उनी प्रफुल्ल थिइन्। र, उनले त्यही प्रफुल्ल मुद्रामा आफ्ना नातिनातिनाको बखान सुरु गरिन्। जो उनीसँग प्रत्येक दिन म्यासेन्जर मा कुरा गर्थे र उनको त्यो सुनसान जीवनलाई आनन्दले भरिपूर्ण पारिदिन्थे। यो त एउटा सानो सन्दर्भ मात्र हो। म्यासेन्जरमा गरिने भिडिओ कलको सन्दर्भ। चमचम चम्किने चिल्लो मोबाइल फोनको सन्दर्भ। हजुरआमा र नातिनातिनालाई जोड्ने सामाजिक सञ्जालको सन्दर्भ।

तर यो यस्तो सन्दर्भ हो, जो संसारभरका मानिसको जीवनको एक हिस्सा बनेर आएको छ। , अहिले यसमा आवद्ध छन्, हाम्रै देशका पनि लाखौं लाख मान्छेहरु।

प्रश्नहरुको सूची

अन्ततः सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय सुनाइ नै हाल्यो।

कुनै पश्चाताप, कुनै अप्ठ्यारो, कुनै संशयबिना, निकै गर्वसाथ हाम्रा सञ्चारमन्त्रीले भने सामाजिक सञ्जाल बन्द गरिने छ।

संजोग पनि यस्तो पऱ्यो, तत्कालीन राजा ज्ञानेन्द्र शाहले माघ १९ गते सामाजिक सञ्जाल प्रतिबन्धित गरेका थिए। लोकतान्त्रिक सरकारले भदौ १९ गते रोज्यो।

१९ गतेको यो संजोग निकै रोचक हुने भयो!

जब निर्णय आयो, मैले मनमनै आफैलाई सोधँ 'के सरकारले सामाजिक सञ्जाल बन्द गर्ने नै हो त ?' त्यसो हो भने, अब वैदेशिक रोजगारीमा गएका छोराछोरीसँग यता बस्ने बिरामी र वृद्ध आमाले आफ्नो मनको कुरा कसरी गर्लिन? वा, मिडिओ कलमा आफ्ना सन्तानको अनुहार हेरेर कम्तीमा एक प्रहर ढुक्कले निदाउने त्यो वृद्ध पिताजीको अबको रात कस्तो होला?

के उनीहरु चैनले निदाउलान? कि उनीहरुको पूरा रात खट्पटीमै बित्ला ?

सोचौं त भागदौडको व्यस्त जिन्दगीबाट सानो पल निकालेर आफ्नी प्रियतमासँग कुरा गर्ने प्रेमी, मिडिओ कल गरेर आमालाई औषधि खान सम्झाउने छोरी र आफ्ना सन्तानलाई स्कुल जान प्रेरित गर्ने आमाहरुले अब कसरी उनीहरुसँग कुरा गर्लान् ?

के सरकारले यी मान्छेहरुको खुसी खोस्न लागेकै हो त ? जो विदेशमा कमाएको अर्बौं रेमिटेन्स पठाएर सरकारको ढुकुटी भरि दिन्छन्। र, आफू भने प्रत्येक साँझ सामाजिक सञ्जालमा आफ्ना प्रियजनको फोटो हेरेर ठोलाइरहन्छन्। त्यसो त, सामाजिक सञ्जालको महत्त्व यति मात्र होइन। अहिले सामाजिक सञ्जालकै माध्यमबाट छुटेका परिवारहरु मिलेका छन्। हराएका आफन्तहरु भेटिएका छन्। वर्षौंपछि मित्रहरुको मिलन भएको छ।

र, संसार आँगनभरि छोटो र सजिलो हुँदै गएको छ।

अवश्य नै, समाजको आधारभूत वर्गका लागि सामाजिक सञ्जाल सूचना र सम्पर्कको सबभन्दा सस्तो माध्यम भएको छ। अझ हाम्रो जस्तो देश, जहाँ हरेक घरका लगभग एक जना सदस्य विदेश छन्, उनीहरुका लागि यो सूचनाको सबभन्दा सस्तो, भरपर्दो र महत्वपूर्ण साधन भएको छ।

फेरि पनि यसको महत्त्व यति मात्र होइन। अर्थात्, यो हाम्रो पारिवारिक जीवनको मात्र नभई सामाजिक जीवनको पनि महत्त्वपूर्ण सेतु बनेको छ। आज विवाह, ब्रतबन्ध र पूजापाठको समाचार 'ग्रुप' मा राख्यो, पुग्यो। दुःख बिमार, जन्ती र मलामीको खबर राख्यो, पुग्यो।

आज सार्वजनिक जीवनमा क्रियाशील अनेकौं यस्ता 'समूह' छन्, जो सामाजिक सञ्जालबाटै आफ्ना गतिविधि अगाडि बढाउँछन् र प्रभावकारी पनि छन्। जस्तो, समाज सेवा गर्न सामाजिक सञ्जाल। गाउँमा पुस्तकालय बनाउन सामाजिक सञ्जाल। आमा समूहको काम गर्न सामाजिक सञ्जाल। बचत समूहको बैठक गर्न सामाजिक सञ्जाल। आजकल गाउँ सहरमा यस्ता अनेक समूह म्यासेन्जर, फेसबुक, भाइबर र ह्वाट्सएपमा सक्रिय छन्, जसले सामाजिक संगठन, सूचना र सहकार्यको अलग्गै संसार निर्माण गरेका छन्। केही वर्ष अगाडि यी कल्पनामा पनि थिएनन्।

यी सक्रिय पनि छन्। प्रभावकारी पनि छन्। र, परिणाममुखी पनि छन्। त्यसैगरी आजका दिनमा सामाजिक सञ्जाल सूचना र मनोरञ्जनको विषय मात्र रहेन। यो रचनात्मक क्षेत्र त भयो नै, यो आफैमा व्यापारिक थलो पनि भएको छ।

परिणाम नेपालमा आज हजारौं युवाहरु सामाजिक सञ्जालमार्फत अनलाइन व्यापार व्यवसायमा संलग्न छन्। उनीहरुलाई यसले रोजगारी दिएको छ र व्यवसाय फस्टाउनमा मद्दत गरेको छ।

जस्तो, मैले आफै चिनेकै केही 'गृहिणी' हरु छन् जो अनलाइनबाट व्यापार गर्छन्। सामाजिक सञ्जाल बन्द हुँदा, मानौं यसमा आबद्ध दस हजार अनलाइन पसलहरु बन्द भए भने?

यावत परिस्थितिले पार्ने सामाजिक, आर्थिक र अन्य प्रभाव निकै ठूलो हुने पक्का छ। अर्कोतर्फ, आजका दिनमा सामाजिक सञ्जाल शिक्षाको समेत महत्त्वपूर्ण थलो बनेको छ। नेपालमै पनि आजकल सयौं अनलाइन क्लासहरु सञ्चालन हुन्छन्। अनलाइन विमर्शहरु गरिन्छन्। बहसहरु हुन्छन्। अनलाइन प्रशिक्षणहरु हुन्छन्। यी सबैले ज्ञानको प्रवर्द्धनमा ठूलो भूमिका खेलिरहेका छन्।

सेतोपाटीबाट

सहीखबर

विचार/फिचर

www.saheekhabar.com

२०८२ भदौ २६ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

यसरी जल्यो हेटौंडा



कहाँ कहाँ भयो तोडफोड र आगजनी

जेनजी आन्दोलनको कारण मकवापुर जिल्लामा क्षेति भएका सरकारी तथा निजी भौतिक सम्पतिहरूको प्रारम्भिक विवरण

१. बागमती प्रदेश सभा सचिवालय
२. मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय
३. आन्तरिका मामिला तथा कानुन मन्त्रालय,
४. आर्थिक मामिला तथा योजना मन्त्रालय,
५. श्रम यातायात तथा रोजगार मन्त्रालय,
६. खानेपानी मन्त्रालय,
७. कृषि तथा पशुपन्छि विकास मन्त्रालय,
८. अस्त्रियार दुरूपयोग अनुसन्धान आयोग,
९. भौतिक पुर्वाधार मन्त्रालय,
१० हेटौंडा उपमहानगरपालिका कार्यालय
११. हेउमनपा वडा नं. ४ को कार्यालय,
१२. वडा नं ६ को कार्यालय
१३. हेउमनपावडा नं. १० को कार्यालय,
१४. हेउमनपा वडा ११ कार्यालय
१५. मकवानपुर जिल्ला अदालत,
१६. उच्च अदालत पाटन हेटौंडा इजलास,
१७. नापी कार्यालय मकवानपुर,
१८. लोकसेवा आयोग कार्यालय,
१९. नेपाली काँग्रेस बागमति प्रदेश पार्टी कार्यालय,
२०. नेकपा एमाले पार्टी कार्यालय,
२१. नेपाली काँग्रेस जिल्ला पार्टी कार्यालय,
२२. नेकपा माओवादी केन्द्र जिल्ला पार्टी कार्यालय,
२३. सन्चय कोष कार्यालय,
२४. नेकपा पार्टी कार्यालय जरूवा ढोल
२५. यातायात व्यवस्था कार्यालय,
२६. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान कार्यालय
२७. जिल्ला समन्वय समितिको कार्यालय
२८ घरेलु तथा साना उद्योग कार्यालय
२९. सामाजिक विकास मन्त्रालय,
३०. मुख्यमन्त्री इन्द्रवहादुर बानियाँको निजी घर,२ वटा
३१. प्रदेश सभा सदस्य एकलाल श्रेष्ठको घर,
३२. मिमफेदि गापा अध्यक्ष हिदम लामाको घर,
३३. वडा ४ को अध्यक्ष नवीन सिग्देलको घर,
३४. पूर्व मन्त्री विरोध खतिवडाको घर,
३५. हेटौंडाको मेयर मिना कुमारी लामाको घर,
३६. पूर्व मुख्यमन्त्री डोरमणि पौडेलको घर,
३७. प्रतिनिधीसभा सदस्य महेश बर्तौलाको घर,
३८. हेटौंडा उपप्रमुख राजेश वानियाँको घर,
३९. संविधान सभा सदस्य अनन्त पौडेलको घर,
४०. भाटभटेनी सुपरमार्केट
४१. हेटौंडा सिमेन्ट उद्योगको पर्खाल,
४२. बकैया गाउँपालिका कार्यालय
४३. राक्सिराङ गाउँपालिका कार्यालय
४४. मिमफेदि कारागार
४५. जिल्ला ट्राफिक प्रहरी कार्यालय,
४६. गरिवी निवारण तथा सहकारी विकास मन्त्रालय
४७. जिल्ला खेलकूद विकास समितिको कार्यालय
४८. प्रादेशिक कृषि थोक बजार
४९. नारायणी यातायात कम्पनी प्रा.लि हेटौंडा ११
५०. प्रदेश लोकसेवा आयोग कार्यालय (पोखरेल भवन)
५१. मनहरी गाउँपालिकाको कार्यालय
५२. सुनाचुरी प्रहरी चौकी,
५३. मनहरी स्थित नेकपा एमाले, र काँग्रेस पार्टी कार्यालय
५०. सञ्चार रजिष्ट्रारको कार्यालय,
५४. व्यवसायी अरूणराज सुमार्गिको घर
५५. थाहा नगरपालिका वडा न.३ गेट भत्काइएको
५६. थाहा नगरपालिकाको झ्याल सिसाहरू फुटाइएको
५७. बालसुधार गृह हेटौंडा ११
५८. NIMB बैंक
५९. नगरपालिका वारूण यन्त्र
६०. भौतिक पूर्वाधार कार्यालय
६१. आन्तरिक राजस्व कार्यालय हेटौंडा १०

यो प्रारम्भिक विवरण हो, थप विवरण आउन बाँकी छ ।

सरकारको नेतृत्व गर्न जेनजीले राखेको प्रस्तावमा पूर्वप्रधानन्यायाधीश कार्की 'सकारात्मक'

○ सहीखबर संवाददाता

काठमाण्डौ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले अन्तरिम सरकारको नेतृत्व गर्ने प्रस्तावमा प्रारम्भिक रुपमा सकारात्मक प्रतिक्रिया दिएकी छन्।

जेनजीका प्रतिनिधिहरु र मेयर बालेनले कार्कीको नाम प्रस्ताव गरेका थिए र छलफलका क्रममा संविधान संशोधन सुझाव दिने समिति गठन गर्ने विषयमा बहस भएको छ।

पूर्वप्रधानन्यायाधीश कार्कीले जेठ २०७४ मा प्रधानन्यायाधीशबाट अवकाश पाएकी थिइन् । उनी नेपालकी पहिलो महिला प्रधानन्यायाधीश हुन्। २५ भदौ, काठमाडौं । अन्तरिम सरकारको नेतृत्व गर्नुपर्ने आन्दोलनकारीहरू जेनजीको प्रस्तावमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की सकारात्मक देखिएकी छन् ।

नेपाली सेनाको मुख्यालय जंगी अड्डामा जेनजीका प्रतिनिधिहरूले पूर्वप्रधानन्यायाधीश कार्कीको नाम प्रस्ताव गरेका थिए, जसलाई काठमाडौं महानगरपालिकाका मेयर बालेनले पनि समर्थन गरेका थिए ।

'प्रारम्भिक प्रस्तावमा उहाँ सकारात्मक देखिनुभयो, छलफल र रायसल्लाहपछि बाँकी दृष्टिकोण बताउने भन्नुभएको छ' जंगी अड्डा निकट स्रोतले भन्यो, 'प्रस्ताव सकारात्मक भएपछि केही सरोकार र चासो भएकाले छलफलका लागि समय चाहिन्छ भन्नुभएको छ ।'

स्रोतका अनुसार पूर्वप्रधानन्यायाधीश कार्कीसँगको भेटपछि बालेन र जेनजीका प्रतिनिधीहरूबीच छलफल भएको थियो । त्यसक्रममा उनीहरूबीच दुईवटा विषयहरूमा मूलभूत रूपमा बहस भएको स्रोतले बतायो । त्यस मध्येको एउटा विषय संविधान संशोधन सुझाव दिन समिति गठन गर्ने सम्मको छ । यदी यस्तो समिति गठन भए त्यसको सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी नयाँ बन्ने संसद् र सरकारले पाउने भन्ने छ ।

अहिलेकै अवस्थामा प्रतिनिधिसभा सदस्यहरू बाहेक अरूले सरकारको नेतृत्व गर्न नसक्ने भएकाले सबै सांसदहरूले राजीनामा दिनुपर्ने माग उठाउनेबारे जेनडजीका प्रतिनिधीहरुले छलफल गरेका थिए । स्रोतले भन्यो, 'अर्कोतर्फ ओली सरकारका पालामा संवैधानिक निकायहरुमा नियुक्त पदाधिकारीहरुले कार्कीलाई नियमित काम गर्न बाधा गर्न सक्छन् भन्ने कुरा उठेको छ ।'

त्यस्तोमा उनीहरूले निकास(दिनुपर्ने) माग अघि सार्ने भनी



जेनडजीका केही प्रतिनिधीहरुसँग सल्लाह गर्ने कुरा भएको थियो । बुधबारको छलफल अबेरसम्म चलेकाले अब बाँकी विषयमा बिहीबार सरसल्लाह गर्ने भनेपछि कुराकानी टुंगिएको छ ।

स्रोतले भन्यो, 'बिहीबार जंगी अड्डामा जेनजीका प्रतिनिधिहरुसँग थप सल्लाह र छलफल अघि बढ्नसक्छ ।'

करिव १७ महिना मुलुकको न्यायपालिकाको नेतृत्व गरेकी पूर्वप्रधानन्यायाधीश कार्की जेठ, २०७४ मा प्रधानन्यायाधीशबाट अवकाश भएकी थिइन् । विराटनगरबाट कानुन व्यवसायी सुरू गरी सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त कार्की नेपालको पहिलो महिला प्रधानन्यायाधीश समेत हुन् ।

उनको खरो कार्यशैलीबाट असन्तुष्ट भएर तत्कालिन माओवादी कांग्रेस सरकारले उनीविरूद्ध संघीय संसदमा महाभियोगको प्रस्ताव दर्ता गरेको थियो, जुन पछि सर्वोच्च अदालतको आदेशबाट निस्तेज भयो । चौतर्फी दबाबपछि उनीविरूद्धको महाभियोगको प्रस्ताव फिर्ता भएको थियो । अवकाशपछि उनले नेपाली समाज र शासनव्यवस्थामा देखिएको बेथितिबारे खरो टिप्पणी गर्दै आइरहेकी थिइन् ।

बालेनको प्रस्ताव संसद् विघटन गरेर अन्तरिम सरकार

काठमाडौं ।महानगरपालिकाका मेयर बालेन शाहले जेनजी प्रतिनिधिले प्रस्ताव गरेको पूर्वप्रधानन्यायाधीश शुशीला कार्कीको नाममा समर्थन जनाएका छन्।

उनले अन्तरिम सरकार गठन र संसद् विघटन अविलम्ब गर्न राष्ट्रपतिलाई सामाजिक सञ्जालमा आग्रह गरेका छन्। २५ भदौ, काठमाडौं । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले जेनजी प्रतिनिधिले अन्तरिम सरकार नेतृत्वका लागि प्रस्ताव गरेको पूर्वप्रधानन्यायाधीश शुशीला कार्कीको नाममा समर्थन जनाएका छन् । तर, त्यसअघि संसद् विघटन गर्नुपर्ने उनले बताएका छन् ।

'जेनजीहरूले ल्याएको ऐतिहासिक क्रान्तिलाई संरक्षण गर्न अन्तरिम सरकारको गठन र संसद् विघटन अविलम्ब गर्नु होला', उनले राष्ट्रपतिलाई सम्बोधन गर्दै सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।जेनजी प्रतिनिधिहरुले कार्कीलाई नयाँ नेतृत्वका लागि प्रधानसेनापति अशोक सिग्देलसमक्ष प्रस्ताव गरेका थिए । उक्त प्रस्तावमा मेयर बालेनले पनि समर्थन जनाएका हुन् ।

संवेदनशिल समयमा विकास हुने घटनाक्रमको नेतृत्व गर्नका लागि कानून र विधिको रक्षा गर्नसक्ने इमान्दार छवि भएको व्यक्ति हुनुपर्ने भएकाले कार्कीको नाम प्रस्ताव गरिएको बताइएको छ । बुधबार दिउँसो जेनजी प्रतिनिधिले पूर्वप्रधानन्यायाधीश शुशीला कार्कीको नाम प्रस्ताव गरेका थिए । बुधबार दिनभर जनेजी युवाले सामाजिक सञ्जाल डिस्कर्डमा समेत कसलाई नेतृत्वमा ल्याउने भन्ने विषयमा छलफल गरेका थिए । त्यसक्रममा समेत कार्कीको पक्षमा बलियो मत प्रस्तुत भएको छ ।

धेरै युवाले काठमाडौं महानगरका मेयर बालेन शाहको नाम समेत प्रस्ताव गरेका थिए । यसअघि मंगलबार बेलुकी उनले स्टाटस लेख्दै जेनजीलाई सेना प्रमुखसँग वार्ताका गर्न तयार रहन भनेका थिए । बुधबार बिहान जेनजी प्रतिनिधि वार्ताका लागि जंगीअड्डा पुगेका थिए । तर, १५ जनाभन्दा बढी छलफलका लागि पुगेपछि सेना प्रमुख अशोकराज सिग्देलले पहिले आपसमा सहमति गरेर आउन भनेका थिए । उनले संयोजक समेत तोकेर आउन आग्रह गरेका थिए । त्यसपछि जंगीअड्डाकै एउटा कोठामा बैठक भएको थियो । त्यसक्रममा कतिपयले गणान्त्रिक व्यवस्थाविरूद्ध समेत प्रस्ताव राखेका थिए । ***अनलाइन खबरबाट***

जेनजी पुस्तालाई ओलीको सम्बोधन

प्रिय जेन्जी बाबुनानीहरु,

आज शिवपुरीको यो एकान्त सुरक्षाघेरामित्र बसेर, नेपाली सेनाका जवानहरुको बीचमा, म तिमीहरुलाई सम्झिरहेको छु। मेरो मनमा तिमीहरुकै अनुहारहरु नाचिरहेका छन्। जहाँ गए पनि, जहिले पनि, साना नानीबाबुहरु मलाई देख्नेबित्तिकै मेरो काखमा आइपुग्छन्। तिनीहरुको निश्छल हाँसो, त्यो सानो शरीरको न्यानो स्पर्शले ममित्र एउटा अद्भूत आनन्द भर्छ। मलाई बच्चाहरुको वरिपरि रहन पाउँदा साँच्चिकै रोमाञ्चित महसुस हुन्छ।


सायद तिमीहरुलाई थाहा छैन, व्यवस्था परिवर्तनको त्यो कठोर लडाइँमा, त्यो बेलाको सत्ताले दिएको निर्मम यातनाका कारण मेरा आफ्ना सन्तान भएनन्।

तर पनि, 'बा' बन्ने मेरो रहर कहिल्यै मरेन, कहिल्यै सेलाएन। जब मैले सुनें, प्रहरीको गोलीले मेरा छोराछोरीहरुको जीवन समाप्त भयो, त्यस दिनदेखि मेरा लागि धेरै कुराहरु सकिएका छन्।

त्यो पीडाको घाउ आज पनि आलै छ। तैपनि, मैले सधैं समाजमा शान्ति स्थापित हुनुपर्छ भन्ने मान्यता राखें। तिमीहरुलाई याद होला, २०५१ सालमा जब म गृहमन्त्री थिएँ, त्यो मेरो कार्यकालमा राज्यको तर्फबाट एउटा पनि गोली चलेन। म सधैं शान्तिको पक्षमा उभिएँ, किनकि मैले आफ्नै जीवनमा हिंसाको क्रूरता भोगेको छु।

त्यो दोस्रो दिनको आन्दोलन, जति विध्वंसात्मक भयो, मलाई विश्वास छ, तिमीहरुका कोमल हातहरुबाट त्यस्तो भएको होइन।

तिमीहरुको निर्दोष अनुहार देखाएर, तिमीहरुको भावनामाथि खेलेर गलत राजनीति गर्ने प्रयास भइरहेको छ। देशका महत्वपूर्ण रेकर्ड भएका कार्यालयहरुमा आगजनी गर्ने, कारागारबाट कैदीहरु छोड्ने जस्ता गतिविधिहरु यत्तिकै भएका होइनन्।



यी सबै पछाडि गहिरो षड्यन्त्र लुकेको छ। यो व्यवस्था, जुन हामीले अनगिन्ती दु:ख र बलिदानबाट ल्याएका हौं, त्यो बेला हामी बोल्न पाउँदैन थियौं, भेला जम्मा हुने छुट थिएन, प्रश्न गर्न पाइँदैन थियो।

अन्धकारमय त्यो अवस्थासँग लडेर, संघर्ष गरेर हामीले यो उज्यालो व्यवस्था ल्यायौं। आज तिमीहरुले आफ्नो आवाज उठाउन पाएका छौ, आन्दोलन गर्न पाएका छौ भने त्यो यही व्यवस्थाको देन हो। आज यो व्यवस्थाको नै कत्लेआम गर्ने प्रयास भइरहेको छ, यसमा तिमीहरु संवेदनशील हुन जरूरी छ।

नानिबाबुहरु,

स्वभावले म अलि जिद्दी छु। यो जिद्दीपन नभएको भए सायद यति अप्ठ्याराका बीचमा यहाँसम्म आइपुग्नुभन्दा धेरै अगाडि मैले हार खाइसकेको हुन्थें होला। हाम्रो देशमा व्यापार गर्ने सामाजिक सञ्जालले यहाँको नियम मान्नुपर्छ र सूचीकरण हुनुपर्छ भनेर मैले जिद्दी नै गरेको हुँ।

लिपुलेक, कालापानी र लिम्पियाधुरा हाम्रो हो भनेर मैले जिद्दी नै गरेको हुँ। शास्त्रहरुमा उल्लेख भएअनुसार भगवान् श्रीराम भारतमा होइन, नेपालमा जन्मिएका हुन् भनेर मैले जिद्दी नै गरेको हुँ। यी जिद्दीहरुमा म पछाडि हटेको भए मैले अरु थुप्रै अवसरहरु पाउने थिएँ, थुप्रै कुरा हासिल गर्ने थिएँ।

लिम्पियाधुरा समेटिएको नेपालको नक्सा संयुक्त राष्ट्र संघमा नपठाएको भए या अरुले मलाई चलाउन चाहे अनुसार चलिदिएको भए मेरो जीवन अर्कै मोडमा पुग्ने थियो। तर, मैले त आफूसँग भएको सबै सम्पत्ति राज्यका नाममा गरिदिएको छु। मेरो लागि पद, प्रतिष्ठा कहिल्यै महत्वपूर्ण रहेन।

पदमा रहने या नरहने भन्ने कुरा मेरा लागि कहिल्यै ठूलो भएन। मेरो लागि सबैभन्दा महत्वपूर्ण त यो व्यवस्था जोगाउनु हो। यो व्यवस्था, जसले तिमीहरुलाई बोल्ने, हिँड्ने, प्रश्न गर्ने अधिकार दिएको छ, यसलाई बचाउनु नै मेरो जीवनको मूल उद्देश्य हो। व्यवस्थाको विषयमा कुनै सम्झौता हुँदैन भन्ने मैले विश्वास राखेको छु।

तिमीहरुको

केपी शर्मा ओली, शिवपुरी

सेना परिचालनपछि हेटौंडामा सुरक्षा व्यवस्था कडा

मकवानपुर । बागमती प्रदेशको राजधानी हेटौंडाको मुख्य बजार क्षेत्रमा सुरक्षा व्यवस्था कडाइ गरिएको छ । मंगलबार रातीबाट नेपाली सेनाको टोली परिचालन गरिएको छ । बुधबार दिनभर हेटौंडा बजार शान्त रह्यो । बजारको सहायक चोकदेखि मुख्य चोकसम्म सुरक्षा व्यवस्था गरिएको छ ।

हेटौंडा बजारको बुद्ध चोक सिमाचोक क्षेत्रमा सेनाले सुरक्षा व्यवस्था कडा गरेको छ । सेनाको टोलीले बुद्ध चोक क्षेत्र आवतजावत गर्न रोक लगाइएको छ । अस्पताल वा आपत्कालीन कामबाहेक हिँडडुलमा रोक लगाएको छ भने सवारीहरुलाई बजारको मुख्य चोक बाहेक वैकल्पिक मार्ग प्रयोग गर्न सेनाहरु निर्देशन गरिएको छ ।

मुख्य बजार क्षेत्र प्रवेश गर्ने सबै शाखा बाटोमा आवतजावत गर्ने पैदलयात्रुलाई समेत सेनाले रोकेर सोधपुछ तथा निगरानी गरिरहेको छ । हेटौंडा बजार प्रवेश गर्ने ४ वटै सिमानामा सेनाको टोली खटाइएको छ । पूर्वतर्फ कान्ति राजपथ स्थित कृषि विकास बैंकमा नै सवारी साधन र सर्वसाधारणलाई रोकिएको छ भने दक्षिण तर्फ बाइपास रोडबाट प्रवेश रोकिएको छ ।

उत्तरमा चौकीढोल ओरालो मकवानपुर उद्योग वाणिज्य संघबाट बजार प्रवेशमा रोक लगाइएको छ भने पश्चिममा जिल्ला प्रहरी कार्यालय मकवानपुरको गेट (चाइना गेट) बाट सवारी तथा सवारी साधनलाई रोकिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले मंगलबार दिउँसो १ बजेबाट जारी गरेको कफर्यु आदेश लम्ब्याएको छ । प्रशासन कार्यालयले राति १२ बजेसम्मका लागि लगाएको कफर्यु आदेश बुधबार बिहानबाट अर्को आदेश नभएसम्म (अनिश्चितकालिन) को लागि जारी गरिएको छ । पत्रकारहरूलाई समेत प्रेस ज्याकेट तथा परिचय पत्र अनिवार्य गरिएको छ । सकेसम्म अनलाइ बेश भएर आफ्नो कर्ममा लाग्न सुझाव दिइएको छ ।

स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्बन्धी

जनहितकारी सन्देश पढौं, सोचौ तथा व्यवहारमा
अवलम्बन गरी असल नागरिकको परिचय दिऔं ।
सावुन पानीले अनिवार्यरूपमा हातधुने बानी बसालौ ।

☐ चर्पीको प्रयोगपछि, ☐ खाना बनाउनु, पस्कनु, खानु र खुवाउनु अघि,
☐ कुनै फोहोरकुरा विषादी छोएपछि, ☐ बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि,
☐ खानेपानीको मुहान, स्रोत, धारा संरक्षण तथा सफा राखौं,
☐ खुल्ला स्थानमा दिसा, पिसाव नगरौं, ☐ फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
☐ घर, आँगन, उद्यान, बाटोलगायत सार्वजनिक स्थान सफा राखौं ।
☐ स्वच्छ, सफा पिउने पानीमात्र प्रयोग गरौ ।

शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं

☐ उमालेर, फिल्टर गरेर, क्लोरिनहालेर, सोडिस गरेर मात्र पिउने गरौं ।
☐ खानेपानीको टँकीमा ब्लीचिङ पाउडर नियमित प्रयोगगर्ने गरौं ।
☐ सुरक्षित पिउने पानी प्रयोग गरी झाडा पखाला, आँउ, रगतमासी, हैजा, जुका,म्यादेज्वरो, कमलपित्त, हेपाटाइटिस 'ए' आदि जस्ता रोगबाट बचौं ।
☐ सिंचाइ गरौं, उत्पादन बढाऔं, गरिवी घटाऔ ।
☐ बाढी, पहिरो, भूक्षय र डुवान जस्ता जल उत्पन्न प्रकोपबाट बच्न आवश्यक सावधानी अपनाऔं ।

स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔ, असल नागरिक बनौं

४ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

सुशीला कार्कीलाई बालेनको समर्थन

जेनजी प्रतिनिधिहरुले कार्कीलाई नयाँ नेतृत्वका लागि प्रधानसेनापति अशोकराज सिग्देलसमक्ष प्रस्ताव गरेका थिए । उक्त प्रस्तावमा मेयर बालेनले पनि समर्थन जनाए ।

○सहीखबर संवाददाता

काठमाडौं । आगामी सरकारको नेतृत्वमा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई अघि बढाउन काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साहले समर्थन जनाएका छन् ।

जेनजी प्रतिनिधिहरुले कार्कीलाई नयाँ नेतृत्वका लागि प्रधानसेनापति अशोकराज सिग्देल समक्ष प्रस्ताव गरेका थिए । उक्त प्रस्तावमा मेयर बालेनले पनि समर्थन जनाएका हुन् ।

संवेदनशिल समयमा विकास हुने घटनाक्रमको नेतृत्व गर्नका लागि कानून र विधिको रक्षा गर्नसक्ने इमान्दार छवि भएको व्यक्ति हुनुपर्ने भएकाले कार्कीको नाम प्रस्ताव गरिएको बताइएको छ ।

बुधबार दिउँसो जेनजी प्रतिनिधिले पूर्वप्रधानन्यायाधीश शुशीला कार्कीको नाम प्रस्ताव गरेका थिए। तर, अहिले जंग्गीअड्डा बाहिर भेला भएर युवाहरूले त्यसविरूद्ध नाराबाजी गरिरहेका छन् ।



कतिपयले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहसहितका नामहरू समेत लिइरहेका छन् ।

बुधबार दिनभर जनेजी युवाले सामाजिक सञ्जाल डिस्कर्डमा समेत कसलाई नेतृत्वमा ल्याउने भन्ने विषयमा छलफल गरेका थिए । त्यसक्रममा समेत कार्कीको पक्षमा बलियो मत प्रस्तुत भएको छ ।

धेरै युवाले काठमाडौं महानगरका मेयर बालेन शाहको नाम समेत प्रस्ताव गरेका थिए । तर, उनी सम्पर्कमा नआएको कतिपयको गुनासो छ । मंगलबार बेलुकी उनले स्टाटस लेख्दै जेनजीलाई सेना प्रमुखसँग वार्ताका गर्न तयार

बुधबार बिहान जेनजी प्रतिनिधि वार्ताका लागि जंगीअड्डा पुगेका थिए । तर, १५ जनामन्दा बढी छलफलका लागि पुगेपछि सेना प्रमुख अशोकराज सिग्देलले पहिले आपसमा सहमति गरेर आउन भनेका थिए । उनले संयोजक समेत तोकेर आउन आग्रह गरेका थिए । त्यसपछि जंगीअड्डाकै एउटा कोठामा बैठक भएको थियो ।

त्यसक्रममा कतिपयले गणान्त्रिक व्यवस्थाविरूद्ध समेत प्रस्ताव राखेका थिए । त्यही कारण रक्षा बमसहितको समूह बाहिरिएको थियो । यद्यपि, अन्तिममा कार्कीको नेतृत्वमा नागरिक सरकार बनाउने सहमति भएको थियो ।

नारायाणी यातायात कम्पनी प्रा.लिमा तोडफोड,आगजनी

○ सहीखबर संवाददाता

मकवानपुर । जेनजी पुस्ताको आन्दोलनको क्रममा स्वतन्त्र व्यवसायीहरूको छाता संस्था नारायाणी यातायात व्यवसायी कम्पनी प्रा.लिको कार्यलयमा समेत तोडफोड र आगजनी गरिएको छ ।

भ्रष्टाचारको विरूद्धमा सुरू गरिएको जेनजी प्रदर्शनकारीले मकवानपुरको सबैजसो सरकारी संरचनाहरूमाथि तोडफोड गरे । उच्च राजनीतिक नेतृत्वमा रहेकाहरूको निजी निवासमाथि पनि तोडफोड र आगजनी गरे ।

यति मात्रमै प्रदर्शनकारी मथ्थर भएनन् । उनीहरूले विभिन्न विचार र आस्था राख्ने व्यवसायिक व्यक्तित्वहरूको छाता संगठनको रूपमा रहेको यातायात व्यवसायीहरूको कार्यलयमा समेत तोडफोड गरेका छन् ।

हेटौंडा ११ थानामन्याङमा यातायात व्यवस्था कार्यालय नजिकै रहेको नारायाणी यातायात व्यवसायी कम्पनी प्रा.लिको कार्यालयमा प्रदर्शनकारीहरूको समूह पसेर तोडफोड र आगजनी गरेका हुन् ।

"कुनै पार्टीगत कार्यालय थिएन, भ्रष्टाचार गरी जोडिएको संरचना पनि थिएन, विशुद्ध पेशाकर्मी/ यातायातकर्मीहरूको संगठन थियो, हाम्रो कार्यालयलाई समेत निशानी बनाइयो" अध्यक्ष गोकर्णप्रिसाद पराजुलीले भने "कार्यलयमा रहेका विभिन्न रेकर्डहरू, फर्निचरहरू, कम्प्युटर लगायत सबै सकिए ।"

सवारी दुर्घटनाको क्षतिपुर्तिदेखि विभिन्न महत्वपूर्ण कागजात नष्ट भएपछि आगामी दिनमा सेवा प्रदानको लागि समस्या हुने अवस्था रहेको अध्यक्ष पराजुलीले बताए ।

राज्य सञ्चालन विधिमाथि वितृष्णा पलैलिएपछि सुरू गरिएको जेनजी आन्दोलनले आन्दोलन अघि बनाएका एजेण्डा विपरीत प्रदर्शनी भएपछि देशभर को सरकारी संरचनाहरू ध्वस्त पारिएका छन् ।

जेनजीको नाममा सुरू गरिएको आन्दोलन केही घण्टामै जेनजीहरूको नियन्त्रण बाहिर गएपछि देशव्यापि रूपमा संरचनाहरू ध्वस्त पारिएको छ ।

जेनजीहरूको माग अनुसार प्रधानमन्त्री केपी शर्मा ओलीले राजिनामा दिएपछि पनि प्रदर्शनकारीहरूले झनझन उग्र हुँदै संरचना तोडफोड र आगजनी गर्नुबाट यो प्रदर्शन जेनजीको नाममा अन्य राजनीतिकरण भएको स्पष्ट देखिएको विश्लेषकहरू बताउँछन् ।

शैक्षिक संस्थाहरू लगातार बन्द

मकवानपुर । जेनजीहरूको आन्दोलनको कारण मकवानपुरको सबै स्थानीय तहका शैक्षिक संस्थाहरू बन्द रहेका छन् ।

आन्दोलनको क्रममा हुनसक्ने संभावित दुर्घटनालाई मध्य नजर गर्दै प्याल्सन, एन प्याल्सनहरूले विद्यालयहरू बन्द घोषणा गरे लगतै सामुदायिक विद्यालयहरू पनि बन्द गरिएका हुन् ।

हेटौंडा उपमहानगर पालिकालगायत ले सोमबार भएको घटनालाई मध्यनजर गर्दै मङ्गलबार एक दिनका लागि नगर भरका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको थियो ।

उपमहानगरपालिकाले सोमबार साँझ एक सूचना सार्वजनिक गर्दै मङ्गलबार नगरका सबै सामुदायिक र निजी तथा संस्थागत शैक्षिक संस्थाहरु बन्द रहने जनाएको थियो ।

उपमहानगरपालिकाले थप अप्रिय घटना नहोस् भन्ने उद्देश्यले विद्यालय बन्दको निर्णय गरेको सूचनामा उल्लेख गरेको छ ।

सोमबार जेनजीले गरेको प्रदर्शन हिंसात्मक बन्दा देशभर १९ जनाले ज्यान गुमाएका थिए भने ४ सयबढी घाइते भएका थिए ।

उपमहानगरपालिकाले यस विषम परिस्थितिमा विद्यार्थी, शिक्षक, अभिभावक र सम्पूर्ण नगरवासीलाई शान्त वातावरण कायम गर्न आग्रह गरेको छ । साथै परिस्थितिलाई संवेदनशील ढङ्गले समाधान गर्न सबै पक्षलाई आग्रह समेत गरेको छ ।

प्रदर्शनले शिक्षा क्षेत्रमा समेत प्रत्यक्ष असर पारेपछि पठनपाठन तथा परिक्षा लागतयका सबै कार्यक्रम स्थागित गरिएको हो ।

यस विषम परिस्थितिमा विद्यार्थी, शिक्षक, अभिभावकलाई बालबालिकाको अध्ययन कार्यक्रमलाई घरैमा निरन्तरता दिन, सहजिकरण गरिन अनुरोध गरेको छ । जेनजीको आन्दोलनबाट उत्पान्न परिस्थितिको संवेदनशील ढङ्गले समाधान गर्न सबै पक्षलाई आग्रह समेत गरिएको छ ।

मानव बेचबिखन अपराध हो

- मानिसलाई भुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौ

नेपाल सरकार
विज्ञापन बोर्ड

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक